नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय, सिन्धुली

प.सं. ०७८/७९

च.नं. १६३

मितिः २०७९।४।२९

**विषयः- सहायता कक्ष (Help Desk) संचालन गरिएको ।**

**श्री सिन्धुली जिल्लाका पालिकाहरु (सवै)**

जिल्ला प्रशासन कार्यालयले प्रदान गर्ने विभिन्न सेवाहरु अझ वढी सरल, द्रुत, सहज र सेवाग्राहीमैत्री वनाउन जिल्लास्थित सवै पालिकाहरुको समन्वयमा यस कार्यालयमा पालिकागत रुपमा सेवाग्राहीलाई सहयोग गर्ने गरी छुट्टा छुट्टै डेस्कमा सहायता कक्ष संचालन गरिएको छ । जिल्लास्थित पालिकाले अन्तर्गतका वडाहरुमा समेत जानकारी गराइदिनहुन र सेवा प्रवाहलाई सहज तुल्याउन वडा अध्यक्षज्यू र सचिवले सम्बन्धित पालिका सहजकर्तासँग आवश्यक समन्वय गरिदिनहुनका लागि अनुरोध छ ।

जिल्लावासीहरुलाई सहज सेवा पुऱ्याउनका लागि हेल्पडेस्कबाट देहाय वमोजिमको सेवा प्रदान गरिने व्यवस्था मिलाइएको हुँदा कोठा नं १०२ मा सम्पर्क राखी सेवा लिनुहुन सम्बन्धित सवैमा जानकारीका लागि अनुरोध छ ।

**पालिका सहजीकरण सहायता कक्ष (Help Desk) बाट प्रदान हुने सेवाहरु**

**१. नागरिकता सम्बन्धी सेवा**

- सेवाग्राहीको फारममा आवश्यक कागजप्रमाण भए नभएको हेरी फारम रुजु गरिदिने।
- कुनै कागजात नपुग भएको भए सम्बन्धित वडावाट इमेल मार्फत माग गर्ने र फारम संलग्न गरिदिने ।
- नागरिकता शाखावाट थप बुझ्नुपर्ने कुनै प्रमाण माग भएको अवस्थामा सेवाग्राहीलाइ सोको व्यहोरा वुझाइदिने र वडामा सम्पर्क गरी सो को समन्वय गरिदिने ।
- आवश्यक पर्ने फारमहरु भरिदिने ।

**२. सोधपुछ र फारम सम्बन्धी सेवा**

- सेवाग्राहीवाट सेवा, कार्यालय, प्रकृया, दस्तुर आदिका सन्दर्भमा सोधनी हुने विभिन्न विषयहरु जानकारी दिने ।
- निशुल्क उपलब्ध गराउने फारमहरु उपलब्ध गराउने र फारम भरिदिन सहयोग गर्ने ।

**३. राष्ट्रिय परिचयपत्र र राहदानीको अनलाइन फारम भरिदिने सेवा**

- विपन्न, असक्त, जेष्ठ नागरिक लगायत सम्भव भए जति सेवाग्राहीका लागि राष्ट्रिय परिचयपत्रको आवेदन फारम भरिदिने ।
- विपन्न, अशक्त, जेष्ठ नागरिक लगायत सम्भव भए जति सेवाग्राहीका लागि e-Passport को अनलाइन आवेदन फारम भरिदिने ।

**पालिका सहजकर्ता**

| | | |
|---|---|---|
| कमलामाई / मरिण / हरिहरपुरगढी | दुधौली / तीनपाटन / फिक्कल | सुनकोशी / गोलन्जोर / घ्याङलेख |
| शिव कुमार राइ | इश्वरीमाया श्रेष्ठ | शर्मीला कुमारी वस्नेत |
| ९८४४०४१४४१ | ९८४४०४०२२१ | ९८४४५१७८०२ |

**पुनश्चः**- राहदानी र राष्ट्रिय परिचयपत्रको सेवालाई मिति २०७९ असार २६ बाट विहान ७ देखि वेलुकी ७ सम्म विस्तार गरिएकोमा हाल सेवाग्राहीको चाप क्रमशः कम हुँदै गएको साथै विहान र वेलुकी सेवा लिने सेवाग्राहीको संख्या न्यून रहेको हुँदा कार्यालय समयमै काम गर्ने गरी दैनिक १०० जनाको राहदानी कोटा निर्धारण गरि सेवा प्रवाह गर्ने व्यवस्था मिलाइएको समेत जानकारी गराइन्छ ।

२०७९।४।२९


१०२
सहायता कक्ष HELP DESK



सहायता कक्ष HELP DESK
कमलामाई नगरपालिका
मरिण गाउँपालिका
हरिहरपुरगढी गाउँपालिका
दुधौली नगरपालिका
तीनपाटन गाउँपालिका
फिक्कल गाउँपालिका


सुनकोशी गाउँपालिका
गोलन्जोर गाउँपालिका
घ्याङलेख गाउँपालिका